# सकारात्मक सोच र जीवनशैली विषयक एक दिवसीय प्रवचन कार्यक्रम सम्पन्न

विशेष अदालत काठमाडौं २०५९

विशेष अदालतको आयोजनामा मिति २०७९ साल असार ३ गते शुक्रबारका दिन सकारात्मक सोच र जीवनशैली विषयक एक दिवसीय प्रवचन कार्यक्रम सम्पन्न भएको छ। अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख वक्ताका रुपमा योग तथा सकारात्मक सोच प्रशिक्षक डा. राजु अधिकारी रहनुभएको थियो। विशेष अदालतका सदस्य माननीय न्यायाधीशहरूको समेत सहभागिता रहेको कार्यक्रममा रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन शाखा अधिकृत श्री यज्ञराज रेग्मीले गर्नु भएको थियो ।

प्रवचन कार्यक्रमका प्रमुख वक्ता डा. राजु अधिकारीले सकारात्मक सोच, स्वस्थ खानपान र शारीरिक तन्दुरुस्तीका लागि योग अति आवश्यक रहेको बताउनु भएको थियो। सकारात्मकता बढाउन र नकारात्मकता हटाउन सकियो भने मात्रै पनि जीवनमा सफलता प्राप्त गर्न सकिन्छ। सार्वजनिक पदमा बसेको जो कोही व्यक्तिले पनि आफ्नो जिम्मेवारी पुरा गर्दा सकारात्मक सोचका साथ सेवा प्रदान गर्नुपर्ने उहाँले बताउनुभयो। योगशास्त्रका केही चरणहरूबारे चर्चा गर्दै डा. अधिकारीले योगले शारीरिक तन्दुरुस्ती र ध्यानले एकाग्रता बढाई मनलाई शान्ति दिने तथा नकारात्मकता वढाउने बताउनुभयो। मांसाहारी भोजनभन्दा शाकाहारी भोजन स्वास्थ्यका दृष्टिले फाइदाजनक हुने उहाँको भनाई थियो। प्रशिक्षक अधिकारीले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रसङ्ग र विद्वानहरूको उदाहरण दिंदै योग, ध्यान, साधना, सकारात्मकता र स्वस्थ खानपानबाट नै जीवन जिउँन सहज हुने हुँदा त्यसप्रति लाग्न सबैलाई आग्रह गर्नुभयो। रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले जीवन प्रकृतिको अनुपम उपहार भएकाले आशा, उत्साह र विश्वासका साथ सदैव कर्म गर्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रमको अध्यक्षता गर्नुभएका विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले सकारात्मक सोच र स्वस्थ जीवनशैलीलाई सबैले अङ्गिकार गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उपस्थित कर्मचारीलाई निर्देशन दिनुहुँदै अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले न्यायसम्पादनमा प्रशिक्षणबाट सिकेका कुराहरूलाईसमेत व्यवहारमा लागू गर्न सुझाव दिनुभयो। उहाँले यस्ता कार्यक्रमबाट न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिमा सघाउ पुर्याउने र न्यायिक जनशक्तिको क्षमता विकासमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

मिति : २०७९।०३।०३

प्रवक्ता